annapurnapost.com
# अन्नपूर्ण पोस्ट


वर्ष २५, अंक ८०, पृष्ठ ८ | काठमाडौं, आइतबार ३ साउन २०८३ | आषाढ शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४६ | SUNDAY, JULY 19, 2026 | मूल्य : रु. १०

आवरण समाचार

## के कांग्रेस फुट्दै छ ?

कांग्रेसको शेरबहादुर देउवा पक्षीय पूर्वसंस्थापन पक्षले निष्कर्ष निकालिसक्यो- 'अब पार्टी एकता हुन सक्दैन । नयाँ पार्टी गठनतर्फ अघि बढ्ने ।' मुलुकको पुरानो एवं प्रजातान्त्रिक पार्टी कांग्रेस फेरि फुटको डिलमा पुगेको छ । संस्थापन पक्ष र इतर पक्षका आआफ्नै अडानका कारण पार्टी एक रहन नसक्ने मोडमा पुगेको विश्लेषकहरू बताउँछन् ।

**राधा खनाल** | *काठमाडौं*




विस्तृत पृष्ठ २

## भ्रष्टाचारभन्दा माथि देवेन्द्रराज पाण्डे !

**विनोद सिजापति**

अबिच्युरी



देवेन्द्रराज पाण्डे अत्यन्त प्रभावशाली व्यक्तित्व, जसलाई हामीले गुमाएका छौं। उहाँ सेक्सन अफिसर हुँदादेखि नै असाध्यै चलाख र एकदम 'स्टाइलिस' मान्छे हुनुहुन्थ्यो। त्यति बेलैदेखि हामीले उहाँलाई एउटा सेलिब्रेटी जस्तै मान्थ्यौं। राष्ट्रिय योजना मन्त्रालयको सेक्सन अफिसरबाट उहाँले काम सुरु गर्नुभएको हो। त्यसपछि अर्थ मन्त्रालयमा आउनुभयो। 'फरेन एड डिभिजन' भन्ने एउटा नयाँ शाखा बन्यो, जहाँ उहाँ 'चिफ' हुनुभयो।

त्यस डिभिजनमा विदेशीहरूले हामीलाई के-कति सहयोग गर्छन्, कुन-कुन क्षेत्रमा के गर्ने भन्ने सबै कुराको 'को-अर्डिनेट' गर्ने जिम्मेवारीमा उहाँ बस्नुभयो। त्यो बेलामा पनि उहाँ स्टार, सुपरस्टार नै हुनुहुन्थ्यो। उहाँ अतिरिक्त सचिव हुँदाखेरि म कार्यरत अफिस 'एप्रोस्क' को बोर्ड अफ डाइरेक्टर्समा अर्थ मन्त्रालयको तर्फबाट प्रतिनिधि हुनुहुन्थ्यो। कुलशेखर शर्मा राष्ट्र बैंकको गभर्नर र एप्रोस्कको अध्यक्ष हुनुहुन्थ्यो भने देवेन्द्रराज पाण्डे बोर्ड सदस्य। त्यसैबेला मैले उहाँलाई देखेको थिएँ। यस्तो 'प्रोमिनेन्ट' व्यक्तित्वका बारेमा केटाकेटीदेखि नै सुनेको थिएँ। बैठकमा आउँदाखेरि एकदम धाक र आत्मविश्वासका साथ आउने- एकदमै डाइनामिक मान्छे! त्यहाँबाट उहाँ अतिरिक्त सचिव हुनुभयो र पछि सचिव हुनुभयो। उहाँ सेक्सन अफिसर हुँदाखेरि भेषबहादुर थापा योजना मन्त्रालयको सचिव हुनुहुन्थ्यो। पछि उहाँ सचिव हुँदाखेरि थापा अर्थमन्त्री हुनुभयो। उनीहरूको त्यस्तो सम्बन्ध थियो। जब भेषबहादुर थापा काठमाडौं स्क्यान्डलमा परे, त्यसपछि थापा, कुलशेखर शर्मा र डा. प्रकाशचन्द्र लोहनी मिलेर ५-५ हजार कि १०-१० हजार रुपैयाँ उठाएर बानेश्वरमा 'आईडीएस' (इन्टिग्रेटेड डेभलपमेन्ट सिस्टम्स) स्थापना गरे।

देवेन्द्रराज पाण्डेले भने सचिव पदबाट राजीनामा दिनुभयो। त्यसपछि भेषबहादुरले उहाँलाई 'आईडीएसमा आऊ, तिमी त्यहाँ बस' भन्नुभयो। तर, उहाँले कति समयसम्म 'म आउन्नँ' भनेर मान्नुभएन। स्वाभिमानका साथ ५-६ महिना बिताउनुभयो। अनि जब भेषबहादुर थापा राजदूत भएर अमेरिका गए, त्यसपछि मात्र उहाँ आईडीएसमा जानुभयो। आईडीएसमा जाँदाखेरि पनि उहाँ तलब नलिई 'भोलन्टियर' (स्वयंसेवक) भएर बस्नुभएछ।

पछि त्यही अफिसबाटै उहाँले ग्रामीण विकास अभियानका रूपमा 'पोभर्टी एलिभिएसन' (गरिबी निवारण) को कार्यक्रम सुरु गर्नुभयो। त्यो सुरु गरेसँगै उहाँ राजनीतिमा पनि लाग्नुभयो। त्यही अभियानको जगमा अहिले 'आरएसडीसी' भन्ने संस्था छ, जसको भौतिक संरचना र पहिचान बनेको छ। यो डाक्टर सा'बको 'इमेन्स कन्ट्रिब्युसन' हो। स्वावलम्बनबाटै गरिबी निवारण गर्न सकिन्छ भन्ने उहाँको मूल 'प्रिन्सिपल' हो।

» बाँकी पृष्ठ ६

## १५ सन्तानका 'अन्तरे बा'

**शिव उप्रेती** | *गोरखा*



परिवार नियोजन कार्यक्रम लागू भएपछि 'छोरा र छोरी दुई आँखाका नानी', 'दुईमात्र सन्तान, ईश्वरको वरदान' जस्ता उक्ति लोकप्रिय भए। धेरैले यसलाई व्यवहारमा उतारेर सुखी जीवन बिताएका पनि थिए। त्यसैले जनसंख्या अपेक्षित रूपमा व्यवस्थित पनि भएको थियो।

तर, क्रमशः समय बदलियो। एकमात्र सन्तान जन्माएपछि 'भयो', 'पुग्यो' भन्ने मान्यता समाजमा हाबी भइरहेको छ। तर, यो अवधारणालाई प्राकृतिक सन्तुलनको प्रतिकूल छ भनेर आलोचना पनि नभएको त होइन। आरुघाट गाउँपालिका-३ स्याम्राङमा 'अन्तरे बा' त्यस्ता जीवित उदाहरण हुन्, जसले १५ सन्तान जन्माए, हुर्काए, बढाए, पढाए र गरिखान सक्ने बनाए।

सबैको मुखमा 'अन्तरे बा' झुन्डिए पनि उनको वास्तविक नाम नरबहादुर देवकोटा खत्री हो। उनी आफूहरूलाई राजेश्वर देवकोटाको खलक भन्न रुचाउँछन्। 'हाम्रा बराजुहरू यहाँ श्री ५ को वायुगुठी उठाउने जिम्मा लिएर आएका रहेछन्', उनी भन्छन्, 'पछि बाजेको पालादेखि खत्री भएका रहेछौं।' उनका आफ्नै पनि ६ दाजुभाइ थिए। त्यसमध्य उनी अन्तरे हुन्।

उमेरले ९८ नाघेका उनी अहिले पनि हट्टाकट्टा छन्। अनुहार रातोपिरो नै देखिन्छ। पुगनपुग ७ फिट अग्ला अन्तरे बाको बोली अहिले पनि दमदार छ। उनका दुई पत्नीमध्य जेठी हिमाको १० वर्षअघि देहावसान भइसक्यो। कान्छी जुठी अहिले साथमा छिन्।

जीवनसाथी, छोराछोरी, नाति, नातिनी, पनाति, पनातिनीको अपार माया, ममतामा वृद्ध रमाएरै बिताइरहेका छन्। '९८ वर्ष कटें, ९९ अल्ली भा' छैन', उनी भन्छन्, 'खेतबारीको काम गर्न त सक्दिनँ। हिँड्डुल गरिराछु। अहिले पनि जात्रा मेलामा बोलाइरहन्छन्। पोहोरसम्म त हिँडेको थिएँ। यसपालि हिँडेको छैन।' उनका १० छोरा र ५ छोरी छन्। '२५ वर्षमा हिमासँग बिहे भयो। उनीबाट ५ छोरा र ३ छोरी जन्मिए। कान्छीपट्टि पनि ५ छोरा र २ छोरीहरू जन्मिए', उनी भन्छन्, 'बोलाउने नाम त सबैको आउँछ। लेख्ने नाम त खै के-के छ कुन्नी ? जान्दिनँ।'

» बाँकी पृष्ठ ६

